# श्री सिमरहवा डाँडा सामुदायिक वन उपभोक्ता समूह

बाँसगढी-४,मदाहा, बर्दिया

## काठ ।दाउरा बोलपत्र द्वारालिलाम विक्रीको सूचना

प्रथम पटक प्रकाशन मिति २०८३।०५।१० गते यस समूहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार आ.ब २०८२।०८३ मा उत्पादन भई डिभिजन वन कार्यालय बर्दियाको च.न.३५२ र ३५३ ,मिति २०८३।०४।२७ गतेको लिलाम सहमति पत्रानुसार समुहको घाटगद्दीमा रहेको निम्न परिमाणको गोलिया काठ ।दाउरा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरि बोलपत्र द्वारा लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। ईच्छुक काठ ।दाउरामा आधारित उद्योगले सन्चालन गर्ने भनी प्रचलित कानुन बमोजिम दर्ता तथा नविकरण भई नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत उद्योगले यो सूचना श्री मिसन टुडे राष्ट्रिय दैनिक पत्रीका, प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिनको कार्यालय समय भित्र यस समुंह वा डिभिजन वन कार्यालय बर्दियाबाट शिलबन्दी बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र दाखिला गर्न आह्वान गरिन्छ ।

### तपशिल

(१) वन पैदावारको विवरण :

**लट नं.१ (२०८२।०८३)**

| सि.न. | जात | ग्रेड | गोलिया थान | परिमाण(घ.फि.) | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | खयर | N | ७३ | ७५.०३ | १००० | ७५०३० | १४४ | १०८०४.३२ | |
| जम्मा | | | ७३ | ७५.०३ | १००० | ७५०३० | १४४ | १०८०४.३२ | |

**लट नं.२ (२०८२।०८३)**

| सि.न. | जात | किसिम | चट्टा थान | परिमाण | दर | न्युनतम मुल्य रु. | संकलन खर्च रु | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | दर | जम्मा रु | |
| १ | साल | दाउरा | २ | २ | १२००० | २४००० | १०९०० | २१८०० | |
| ५ | अन्य | दाउरा | १५ | १५ | ४००० | ६०००० | १०९०० | १६३५०० | |
| जम्मा | | | १७ | १७ | १६००० | ८४००० | २१८०० | १८५३०० | |

(२) जम्मा बोलपत्र खरिद दाखिला गर्नु पर्ने अन्तिम मिति र समय :

(क) खरिद गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०५।३० गते कार्यालय समय भित्र

(ख) दाखिला गर्नुपर्ने अन्तिम मिति र समय : २०८३।०५।३१ गते दिउँसो १२:०० बजे भित्र

(३) बोलपत्र साथ कबोल गरेको रकमको १०% ले हुना आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैंक लि. बाँसगढी शाखामा रहेको खाता नं.४१४०१००१००४७५००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

भगो (५)

(४) बोलपत्र फारम लट १ को रु ३००/- र लट २ को रु ३००/- पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक बन उपभोक्ता समूहको कार्यालय र डिभिजन बन कार्यालय बर्दियाबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

(५) लिलाम बढाबढ हुने बन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक बन उपभोक्ता समूहको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

(६) लिलाममा भाग लिन काठ ,दाउरामा आधारित उद्योग सन्चालन गर्ने भनि प्रचलित कानून बमोजिम दर्ता तथा नविकरण भई बन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचिकृत ईच्छुक उद्योगले बोलपत्र फाराम खरिद गर्दा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ,उद्योग दर्ता प्रमाण पत्रको प्रतिलिपी ,मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्रको प्रतिलिपी कर दर्ता प्रमाण पत्रको प्रतिलिपी र उद्योग सुचीकृत भएको प्रमाण पत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(७) निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।३१ गते यस समूहको कार्यालयमा दिउँसो १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन सार्वजनिक बिदा परेमा सो को लगतै भोलिपल्ट खोलिनेछ ।

(८) लिलाम स्विकृत भएपछि नियमानुसार साकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर सङ्कलन खर्च बुझाई लिलाममा बढाएको बन पैदावार तोकिएको अवधिभित्र उठाई लैजानु पर्नेछ ।

(९) बोलपत्रमा साकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक बन उपभोक्ता समूहमा निहित रहनेछ ।

## कालिकाको आर्थिक अनियमितता प्रकरण

# घुस दिने व्यक्तिमाथि छानबिन गर्न माग

शेरबहादुर ऐर
कैलाली, ९ भदौ



कैलालीको गोरिगंगा नगरपालिका वडा नम्बर ४ राजीपुरस्थित कालिका माध्यामिक विद्यालयका अभिभावकहरू आन्दोलित भएका छन् । आर्थिक लेनदेनमा निष्पक्ष छानबिनको माग राख्दै अभिभावकहरूले मंगलबार विद्यालयमा तालाबन्दी गर्नुका साथै गोरिगंगा नगरपालिकाको कार्यालय घेराउ गरेका हुन् ।

बिहीबार अख्तियार दुरूपयोग अनुसन्धान आयोग कञ्चनपुरको टोलीले विद्यालय व्यवस्थापन समितिका सदस्य देवबहादुर बमलाई नियन्त्रणमा लिएको थियो । तर, बमलाई रकम दिने व्यक्तिलाई आयोगले उन्मुक्ति दिएको अभिभावकहरूको आरोप रहेको छ ।

कैलालीमा व्यवस्थापन समितिका सदस्य देवबहादुर बमलाई दुई लाख घुस दिएर अख्तियारको फन्दामा पार्ने कालिका माध्यमिकका लेखापाल सन्तोश पौडेललाई तत्काल जागिरबाट निलम्बन गर्ने गोरीगंगा नगरपालिकाका नगरप्रमुख देवीदत्त कँडेलको प्रतिबद्धतापछि स्थानीयले नगरपालिका घेराउको कार्यक्रम स्थगित गरे ।

आरोपित बमकी श्रीमती तुलसी बमले भनिन्, 'आयोगले मेरो श्रीमानुलाई रकम लेनदेनको आरोपमा पक्राउ गरेको छ । तर, पैसाको प्रलोभनमा पार्ने र रकम दिने व्यक्तिलाई उन्मुक्ति दिएको छ ।' बमले सेवाग्राहीबाट दुई लाख रकम लिएको भन्दै अख्तियारले पक्राउ गरेको थियो । बमका परिवारहरू छोरीलाई विदेश पठाउने तयारीमा थिए । त्यसका लागि रकमको जोहो गरिरहेका थिए ।

उनले भनिन्, 'उहाँलाई विद्यालयका एक शिक्षकबाट फोन आएको थियो । थप सेवासुविधा वृद्धि गराइदिए रकम दिन्छु भनी प्रलोभनमा पारियो । तर, उहाँले सम्भव नहुने बताउनुभएको थियो ।' विद्यालयमा कार्यरत लेखापाल सन्तोष पौडेलले उनलाई प्रलोभनमा पारेको उनको भनाइ छ ।

**दोहोरो तलब कटौतीपछि सुरु भएको विवाद**

कालिका माध्यमिक विद्यालयमा कार्यरत स्थायी शिक्षक तथा कर्मचारीले समेत विगत केही वर्षदेखि नेपाल सरकारबाट प्राप्त हुने तलबका अतिरिक्त विद्यालयको निजी स्रोतबाट थप रकम लिँदै आएको दाबी गरिएको छ ।

नेपाल सरकारको तलब स्केलअनुसार मासिक ४८ हजार ६८९ रूपैयाँसम्म तलब बुझ्ने शिक्षक तथा कर्मचारीले विद्यालयको निजी स्रोतबाट थप दुई हजारदेखि २९ हजार रूपैयाँसम्म लिँदै आएका थिए ।

भन्डै आठ महिनाअघि स्थानीय दिलिप बोहरा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनेपछि भने स्थायी शिक्षक तथा कर्मचारीले समेत लिँदै आएको उक्त अतिरिक्त सुविधा रोक्ने निर्णय गरिएको थियो । व्यवस्थापन समितिको उक्त निर्णयपछि विद्यालयको आन्तरिक स्रोत तथा अभिभावकबाट विभिन्न शीर्षकमा संकलन हुने रकमबाट वार्षिक करिब ५० लाख रूपैयाँ अतिरिक्त तलब–सुविधाका रूपमा खर्च हुनबाट रोकिएको दाबी गरिएको छ ।

यही निर्णयपछि लेखापाल सन्तोष पौडेलसहित केही शिक्षक-कर्मचारीले व्यवस्थापन समितिका अध्यक्ष बोहरालाई घुस प्रकरणमा फसाउने योजना बनाएको आरोप लागेको छ । तर, योजनाअनुसार अध्यक्ष बोहरा नभई व्यवस्थापन समिति सदस्य तथा कार्यवाहक अध्यक्ष देवबहादुर बम अख्तियारको फन्दामा परे ।

घटनाका बेला अध्यक्ष बोहरा बिरामी बच्चाको उपचारका लागि धनगढी आएका थिए । उनको अनुपस्थितिमा बमले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हालिरहेका थिए ।

व्यवस्थापन समिति र शिक्षक-कर्मचारीबीच विगतदेखि चल्दै आएको विवादकै परिणाम बिहीबारको घटना भएको स्थानीयको भनाइ छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष दिलीप बोहराले लेखापालसहितका केही व्यक्तिले आफूलाई विगतदेखि फसाउने योजना बनाउँदै आएको दाबी गरेका छन् ।

उनले देवबहादुर बमले ऋणका रूपमा मागेको रकमलाई षड्यन्त्रपूर्वक घुसका रूपमा थमाइएको हो भने लेखापालसहित योजना बनाउनेमाथि कारबाही हुनुपर्ने बताएका छन् । तर, यदि बमले वास्तवमै घुस लिएको पुष्टि हुन्छ भने उनीमाथि कानुनअनुसार कारबाही हुनुपर्ने उनको भनाइ छ । बोहराले घटनाको निष्पक्ष र गहिरो छानबिन आवश्यक रहेको बताएका छन् ।

विद्यालयका प्रधानाध्यापक युवराज कँडेलले विगतदेखि स्थायी तथा करार सेवाका शिक्षक-कर्मचारीले सरकारी तलबबाहेक विद्यालयको निजी स्रोतबाट अतिरिक्त तलब-सुविधा लिँदै आएको बताएका छन् । उनका अनुसार शिक्षक तथा कर्मचारीले डेढ महिनाअघि मात्रै उक्त दोहोरो तलब सुविधा पुनः कायम गर्न माग गर्दै ज्ञापनपत्र बुझाएका थिए । उनीहरू यस विषयमा गोरीगंगा नगरपालिका कार्यालयसमेत धाउने गरेका थिए ।

तर, विद्यालय व्यवस्थापन समितिले निजी स्रोतको दुरूपयोग हुने र अभिभावकमाथि आर्थिक भार पर्ने भन्दै शिक्षक तथा कर्मचारीलाई सरकारी तलबबाहेक अतिरिक्त तलब सुविधा उपलब्ध गराउन नसकिने अडान लिँदै आएको थियो । बमलाई फसाउने योजनाको मुख्य पात्र रहेको आरोप लागेका लेखापाल सन्तोष पौडेलले मासिक २१ हजार ५०० रूपैयाँ तलब पाउने भए पनि निजी स्रोतबाट थप २७ हजार १८९ रूपैयाँसम्म लिँदै आएको दाबी गरिएको छ ।

विद्यालयमा स्थायी शिक्षक तथा कर्मचारीले समेत सरकारी तलबबाहेक यसैगरी अतिरिक्त सुविधा लिँदै आएको बताइएको छ । अब व्यवस्थापन समिति सदस्य तथा कार्यवाहक अध्यक्ष बमलाई अख्तियारले दुई लाख रूपैयाँसहित पक्राउ गरेपछि घटनाको निष्पक्ष छानबिन हुनुपर्ने माग उठेको छ । साथै, विगतमा विद्यालयको निजी स्रोतबाट दोहोरो तलब तथा सुविधा लिने शिक्षक-कर्मचारी, त्यस्तो निर्णयमा संलग्न विगतका व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरूमाथि समेत छानबिन हुनुपर्ने आवाज उठ्न थालेको छ ।

अख्तियारले भने बममाथि घुस लिएको आरोपमा अनुसन्धान अघि बढाइरहेको छ । यता विद्यालय व्यवस्थापन समिति र बम पक्षले भने घटनाको पृष्ठभूमि, रकम लेनदेनको उद्देश्य तथा यसमा संलग्न भनिएका अन्य व्यक्तिको भूमिकासमेत निष्पक्ष रूपमा अनुसन्धान गर्नुपर्ने माग गरेका छन् ।

# बुढीगङ्गाको पक्की पुलको ठेक्का तोड्ने तयारी

मिसन संवाददाता
बाजुरा, ९ भदौ



बाजुराको गोमुल गाउँपालिकाको केन्द्र घटमुनालाई जोड्ने बुढीगङ्गा नदीमा निर्माण हुने भनिएको पक्की पुलको सम्झौता भएको चार वर्ष बितिसक्दा पनि निर्माण सुरु हुन सकेको छैन । पुल निर्माणका लागि २०७९ वैशाखमा सम्झौता भए पनि अहिलेसम्म आयोजनास्थलमा कुनै काम सुरु नभएको स्थानीयवासीको गुनासो छ । बडीमालिका नगरपालिका र गोमुल गाउँपालिकाको सीमामा पर्ने घटमुनामा पुल निर्माणका लागि स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय धनगढीले ठेक्का प्रक्रिया अघि बढाएको थियो ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतको स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय र एआर चन्द्र ग्रुप जेभीबीच चार करोड एक लाख २२ हजार ४८४ रूपैयाँमा निर्माण सम्झौता भएको थियो । सम्झौताअनुसार निर्माण कम्पनीले काम सुरु गर्ने प्रतिबद्धतासहित ३५ लाख रूपैयाँ पेस्कीसमेत लिएको थियो ।

लामो समय बितिसक्दा पनि सम्बन्धित निकायले निर्माणकार्य सुरु गराउन चासो नदेखाएको गोमुल–२ का वडाध्यक्ष देवबहादुर रोकायाले बताए । पुल नहुँदा स्थानीयवासीलाई आवतजावतमा समस्या हुनुका साथै वर्षायाममा यातायातसमेत अवरुद्ध हुने गरेको उनले बताए । गोमुल गाउँपालिकाका अध्यक्ष हरिबहादुर रोकायाले सम्झौताअनुसार दुई वर्षभित्र निर्माण सम्पन्न गर्नुपर्ने भए पनि पटकपटक आग्रह गर्दासमेत काम सुरु नभएको बताए ।

सदरमुकाम मार्तडीदेखि गोमुल गाउँपालिकाको केन्द्र घटमुनासम्मको दूरी करिब १२ किलोमिटर छ । गाउँपालिकाको केन्द्र पुग्न दुई वटा नदी पार गर्नुपर्ने अवस्था छ । मार्तडी नजिकैको बाहुली खोलामा पनि सडक डिभिजन कार्यालय, साँफेबगरले यसअघि ठेक्का आह्वान गरे पनि पुल निर्माणको काम अघि बढ्न सकेको छैन ।

घटमुनामा पुल निर्माण सम्पन्न भए गोमुल गाउँपालिकाका बासिन्दालाई मात्र नभई बाजुराबाट बझाङ जिल्लासम्म पुग्ने छोटो सडकमार्ग सञ्चालनमा समेत सहज हुने स्थानीय गणेश रोकायाले बताए ।

हाल मार्तडीदेखि गोमुलसम्मको करिब १२ किलोमिटर सडकखण्डमध्ये करिब छ किलोमिटर कालोपत्र गर्ने काम सुरु भइसकेको छ । कालोपत्रको काम प्रदेश सरकारअन्तर्गत पूर्वाधार विकास कार्यालय साँफेबगरमार्फत भइरहेको छ ।

स्थानीय धनबहादुर रोकायाका अनुसार १२ किलोमिटर सडक कालोपत्र गरी दुवै नदीमा पक्की पुल निर्माण भएको भए वर्ष दिनभित्रै गोमुल गाउँपालिका सदरमुकाम मार्तडीसँग सडक सञ्जालमा जोडिने थियो । पुल निर्माण सुरु नहुँदा स्थानीयवासीले अझै सास्ती खेप्नुपरेको उनले बताए ।

प्रमुख जिल्ला अधिकारी डोरेन्द्र निरौलाले पुल निर्माणका लागि सम्झौता भएको लामो समय बितिसक्दा पनि काम सुरु नभएपछि अहिले ठेक्का तोड्ने प्रक्रियामा रहेको जानकारी दिए । बाजुरामा थुप्रै सडक, पुललगायत ठूला विकास आयोजनाको सम्झौता लामो समय बित्दासमेत निर्माण सुरु नहुने र केही आयोजना बीचमै अलपत्र पर्ने प्रवृत्तिका कारण नागरिकले सास्ती खेप्दै आएका छन् ।

# सशस्त्रका आईजीपीद्वारा त्रिनगर नाकाको अनुगमन

मिसन संवाददाता
धनगढी, ९ भदौ

सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक (आईजीपी) नारायणदत्त पौडेलले कैलालीको त्रिनगर-गौरीफन्टा नाकाको अनुगमन गरेका छन् । मंगलबार बिहान आईजीपी पौडेल नेतृत्वको टोलीले त्रिनगर नाकामा पुगेर सीमा सुरक्षा तथा आवतजावतको अवस्थाबारे स्थलगत अनुगमन गरेको हो ।

अनुगमनपछि आईजीपी पौडेलले नेपाल-भारत सीमामा 'डेडिकेटेड फोर्स'का रूपमा सशस्त्र प्रहरी परिचालन गरिएको बताए । सीमा अपराध नियन्त्रणसँगै सीमामा हुने आवतजावतलाई सहज बनाउने र सुरक्षाका दृष्टिले आवश्यक चेकजाँच गर्ने काम भइरहेको उनले बताए ।

'नेपाल-भारत सीमानामा डेडिकेटेड फोर्सका रूपमा सशस्त्र प्रहरी बल खटिएको छ,' उनले भने, 'सीमा अपराध नियन्त्रण गर्ने, आवतजावत सहज गर्ने र सुरक्षाको दृष्टिकोणबाट चेकजाँच गर्ने काम भइरहेको छ । कसरी काम भइरहेको छ ? त्यो बुझ्नलाई फिल्डमा आएको हुँ ।'

सीमामा सशस्त्र प्रहरीको खटनपटनलाई थप व्यवस्थित बनाउने विषयमा समेत काम भइरहेको पौडेलले बताए । सीमा अपराध नियन्त्रणलाई प्रभावकारी बनाउनेतर्फ सशस्त्र प्रहरी केन्द्रित रहेको उनको भनाइ छ ।

त्रिनगर नाकामा साउन दोस्रो सातादेखि सशस्त्र प्रहरीले बोर्डर इन्टरएक्सन टिम (बीआईटी)समेत परिचालन गरेको छ । बीआईटीले सीमावर्ती क्षेत्रमा सुरक्षा व्यवस्था थप सुदृढ बनाउने, सीमापार हुने गतिविधिमाथि निगरानी राख्ने तथा स्थानीय समुदायसँग समन्वय र सहकार्य बढाउने काम गरिरहेको आईजीपी पौडेलले बताए ।

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

प्रथम पटक प्रकाशन मिति २०८३/०५/१०

...

श्री सिमरहवा डाँडा सामुदायिक वन उपभोक्ता समूह
बाँसगढी-४, बर्दिया

**उद्योग खारेजी सूचना**

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना**

प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०५/१०

...

श्री सिता सामुदायिक वन उपभोक्ता समूह
दुडुवा-६ रनियापुर, बाँके

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**कम्पनी खारेजमा गरिएको लिक्विडेटरको ३५ दिने सूचना**

लिक्विडेटर : ...
इजाजत पत्र नं. ६६२
त्रिपुरेश्वर, काठमाडौं ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
हकदाबी गर्ने आउने बारेको सूचना

**शुल्क (D) लागतमा मलेशियामा रोजगार** CISCOTAS SDN BHD Malaysia, Jalan
पुनः विज्ञापन
LT. No. 335248

| | | | | | |
|---|---|---|---|---|---|
| १ | Security Guard | 5 | 00 | 1700 | ६५,९६८ |

(2 Sept., 2026)

**एस.जी. एशोसिएट्स प्रा. लि.**
फोन नं. ४०१८६५०, ४०१८६८८, ४०१८६७७, फ्याक्स ४०१८६५२

## आवश्यकता । आवश्यकता ।। आवश्यकता ।।।

सूचना प्रकाशित मिति : २०८३/०५/०३ गते

यस शिखर ग्रुप अफ इण्डष्ट्रिज अन्तर्गत तपशिल बमोजिमका कर्मचारीहरु आवश्यकता भएकोले विज्ञापन प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र निम्नानुसारको योग्यता पुगेका व्यक्तिहरुले तलको ठेगानामा आवेदन पेश गर्न हुन जानकारी गराईन्छ ।

| क्र.सं. | पद | संख्या | योग्यता | अनुभव तथा सिप | उमेर |
|---|---|---|---|---|---|
| १. | स्टोर किपर | १ जना | कक्षा १२ उत्तिर्ण वा सो सरह | ❖ MS Excel तथा कम्प्युटरमा राम्रो ज्ञान भएको । ❖ स्टोर व्यवस्थान तथा इन्भेनटरी व्यवस्थापनमा अनुभव भएको । ❖ स्टकबुक, रजिष्टर्ड तथा आवश्यक अभिलेखहरु राम्रोसँग राख्न सक्ने । ❖ सामान बुझ्ने, जारी गर्ने तथा सामाग्री आवत-जावतको रेकर्ड राख्न सक्ने । ❖ हिसाब-किताब संगठनात्मक तथा रेकर्ड व्यवस्थापनमा राम्रो दक्ष भएको । ❖ इमान्दार, अनुशासित तथा जिम्मेवार स्वाभाव भएको । ❖ कम्तीमा २ वर्ष कार्यअनुभव भएकोलाई विशेष प्राथमिकता दिईने छ । | २५ वर्ष पुरा भई ३५वर्ष ननाघेको |

कार्य स्थल: कोहलपुर-१४, पार्वतीपुर-बाँके
तलब : उम्मेदवारको अनुभव तथा क्षमता अनुसार आपसी समझदारीमा तय गरिने छ ।

**आवश्यक पर्ने कागजातहरु**
- व्यक्तिगत विवरण (CV)
- नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
- शैक्षिक प्रमाण पत्रको प्रतिलिपी ।
- अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।

आवेदन बुझाउने ठेगाना
**मोर्डन डोर्स एण्ड उड प्रोडक्टस प्रा.लि.**
औद्योगीक क्षेत्र, नेपालगंज-बाँके

**थप जानकारीको लागि सम्पर्क नम्बर-९८०१५४७०११/९८०१५४७०१७**

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
कम्पनी दर्ता खारेजी गरीएको सूचना

यस कार्यालयमा मिति २०८०/०३/१५ ...

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०८३/०५/१० ...

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
कम्पनी स्वैच्छिक दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/०१/२६ ...

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, बेलबारी शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०५/१० गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदा बैंकलाई गरिदिएको कर्जा लिखतहरु तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छयौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएकोले **मिति २०८१ साल कात्तिक महिना ५ गतेको "अन्नपूर्ण पोस्ट" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८१ साल चैत्र महिना १३ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित र **मिति २०८२ साल कात्तिक महिना ११ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखित सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरुको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरुले तल उल्लिखित शर्त बन्देजहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखामा पेश गर्नुहुन आह्वान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको भनि कहीं कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सुचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| |
|---|
| **ऋणीको नाम र ठेगाना :** |
| दिल बहादुर खड्काको नाती, चन्द बहादुर खड्काको छोरा, संखुवासभा जिल्ला, माङ्तेवा गाविस वडा नं. ८ बस्ने **हरि बहादुर खड्का-१** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| चन्द बहादुर खड्काको नाती, हरि बहादुर खड्काको छोरा, मोरङ जिल्ला, बेलबारी नपा. वडा नं. १० बस्ने **सबिन खड्का-१** |
| चन्द बहादुर खड्काको नाती, हरि बहादुर खड्काको छोरा, मोरङ जिल्ला, बेलबारी नपा. वडा नं. १० बस्ने **सन्देश खड्का-१** |
| **धितो सुरक्षणको विवरण :** |
| **स्व. टिकादेवी खड्का**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला, डाँगीहाट गाविस/नपा वडा नं. ४ (नक्सा सिट नं. ६ग) को कित्ता नं. १०५९ को ०-१-० (बि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले बर्बैको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरुको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखित चल/अचल सम्पतीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा बेलबारी शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुले **मिति २०८३ साल भाद्र महिना १६ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**
मिति : २०८३ साल भाद्र महिना १८ गते ।
स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।
समय : दिनको ३:०० बजे ।

**सानिमा बैंक** www.sanimabank.com

अलकापुरी, नक्साल, काठमाण्डौ, नेपाल फोन: +९७७-१-५९७००३३, फ्याक्स: +९७७-१-४४२८९६९, ईमेल: sanima@sanimabank.com